# साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड

केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं

फोन नं. ०१-४१११८९५/५३२०९१३/५९०९६१२

## मोटरसाईकल लिलाम बढाबढको शिलबन्दी बोलपत्र/प्रस्ताव आह्वानको सूचना

(सूचना प्रकाशन मिति २०८२/२/१२ गते)

यस साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड, बबरमहल, काठमाडौँको विभिन्न शाखा कार्यालयहरुमा रहेका मोटरसाईकलहरु जहाँ जे जस्तो अवस्थामा रहेका छन् सोही अवस्थामा लिलाम बढाबढको प्रक्रियाबाट बिक्री गर्नुपर्ने भएको हुँदा लिलाम सकार गर्न चाहने ईच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले देहायको समयावधि भित्र मोटरसाईकल रहेको यस साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको शाखाका कार्यालयमा शिलबन्दी बोलपत्र/प्रस्ताव पेश गर्न यो सूचना आह्वान गरिएको छ।

| प्याकेज संख्या | मोडल | मोटर साईकल नं | मोटरसाईकल रहेको र प्रस्ताव पेश गर्नुपर्ने शाखा कार्यालय | बनेको साल | मोटरसाईकलको न्यूनतम् मूल्य | बोलपत्र/प्रस्ताव पेश गर्ने अन्तिम | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | मिति | समय |
| १ | Bajan V 15 | Me 8 Pa 1661 | विर्तामोड | 2016 | 30,221.94 | २०८२ जेठ २७ गते | बिहान १२ बजे |
| २ | Pulsar 150 | NA 55 PA 6043 | हेटौंडा | 2018 | 67,465.91 | २०८२ जेठ २७ गते | बिहान १२ बजे |
| ३ | Yamaha SZRR | VE 1 PA 5629 | वीरेन्द्रनगर | 2019 | 69,537.07 | | |
| ४ | Yamaha SZRR | VE 1 PA 5630 | वीरेन्द्रनगर | 2019 | 69,537.07 | २०८२ जेठ २७ गते | बिहान १२ बजे |
| ५ | Yamaha SZRR | VE 1 PA 5633 | वीरेन्द्रनगर | 2019 | 69,537.07 | | |
| ६ | Yamaha SZRR | VE 1 PA 5635 | वीरेन्द्रनगर | 2019 | 69,537.07 | | |
| ७ | Yamaha SZRR | VE 1 PA 5636 | वीरेन्द्रनगर | 2019 | 69,537.07 | | |
| ८ | Yamaha SZRR | VE 1 PA 5637 | वीरेन्द्रनगर | 2019 | 69,537.07 | | |
| ९ | Yamaha SZRR | VE 1 PA 5638 | वीरेन्द्रनगर | 2019 | 69,537.07 | | |
| १० | Yamaha SZRR | VE 1 PA 5639 | वीरेन्द्रनगर | 2019 | 69,537.07 | | |

१. शिलबन्दी बोलपत्र/प्रस्ताव एक प्रतिको रु.१०००/- (अक्षरुपी एक हजार मात्र, फिर्ता नहुने गरी) का दरले यस वित्तीय संस्थाको प्रभु बैंक लि. टेकुमा रहेको खाता नं.११४००७२८५०२०००३५ मा जम्मा गरेको सक्कल भौचर पेश गरी यस साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड, केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौँबाट वा मोटरसाईकल रहेको शाखा कार्यालयबाट मिति २०८२ जेठ २६ गते, बेलुका ५ बजेभित्र खरिद गर्न सकिनेछ।

२. प्रस्तावदाताले धरौटी वापत आफूले सकार गरेको मूल्यको दश प्रतिशतले हुने रकम यस साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको नाममा जारी भएको, शिलबन्दी बोलपत्र/प्रस्ताव खोलिने मितिबाट कम्तिमा दुई महिना मान्य अवधि भएको बैंक जमानतको सक्कल प्रति वा यस साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको प्रभु बैंक लि. टेकुमा रहेको खाता नं.११४००७२८५०२०००३५ मा रकम जम्मा गरेको बैंक भौचरको सक्कल प्रति शिलबन्दी बोलपत्र/प्रस्तावका साथ पेश गर्नुपर्नेछ।

३. शिलबन्दी बोलपत्र/प्रस्ताव पेश गर्दा मोटरसाईकल रहेको शाखा कार्यालयमा माथि उल्लिखित मिति र समय भित्र पेश गर्नु पर्नेछ।

४. शिलबन्दी बोलपत्र/प्रस्ताव पेश गर्ने अन्तिम मिति र समय भन्दा एक घण्टा पछि, उपस्थित हुन चाहने प्रस्तावदाता वा निजको प्रतिनिधिको रोहवरमा प्रस्ताव पेश गरेको शाखा कार्यालयमा उक्त बोलपत्र/प्रस्ताव खोलिनेछ। प्रस्तावदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा प्रस्ताव खोल्न बाधा पर्ने छैन।

५. प्रस्तावदाताले एक वा एक भन्दा बढी प्याकेजको मोटरसाईकलको लागि शिलबन्दी बोलपत्र/प्रस्ताव पेश गर्न सक्नेछन्। तर जुन प्याकेजको मोटरसाईकल जुन शाखा कार्यालयमा रहेको छ, सोही शाखा कार्यालयमा शिलबन्दी बोलपत्र/प्रस्ताव पेश गर्नु पर्नेछ। प्रस्तावको मूल्याङ्कन गर्दा प्रत्येक प्याकेजका मोटरसाईकलको छुट्टाछुट्टै गरिनेछ र सो मोटरसाईकलको लागि तोकिएको न्यूनतम रकममा नघट्ने गरी सबैभन्दा बढी रकम कबोल गर्ने प्रस्तावदाताको प्रस्ताव स्वीकृत गरिनेछ।

६. लिलाम गरिने मोटरसाईकलको अवस्था सम्बन्धमा प्रस्तावदाताले हेर्नु परेमा कार्यालय खुलेको दिन कार्यालय समयभित्र मोटरसाईकल रहेको सम्बन्धित शाखा कार्यालयमा हेर्न सकिनेछ। लिलाम बिक्री सम्बन्धी अन्य विस्तृत विवरण बुझ्न परेमा मोटरसाईकल रहेको सम्बन्धित शाखा कार्यालय वा वित्तीय संस्थाको केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौँमा कार्यालय समयमा बुझ्न सकिनेछ।

७. लिलाम बिक्री सम्बन्धी सूचना तथा सम्बन्धित शाखा कार्यालयको सम्पर्क नं. यस वित्तीय संस्थाको बेवसाईट https://skbbl.com.np/main/branch बाट प्राप्त गर्न सकिनेछ।

८. बोलपत्र प्रस्ताव आह्वान खारेज गर्ने अधिकार वित्तीय संस्थामा निहित रहनेछ।